# सानिमा माई हाइड्रोपावर लिमिटेड

## विक्रम सम्वत् २०७६ साल पौष महिना २७ गते आईतबार
## सेलिब्रसन हाईट, सुकेधारा चोक, काठमाण्डौमा सम्पन्न भएको
## आठौं वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णय पुस्तिका

१. **पृष्ठभूमि :**

सानिमा माई हाइड्रोपावर लिमिटेडको आठौं वार्षिक साधारण सभा मिति २०७६ साल पौष महिना २७ गते तदनुसार १२ जनवरी, २०२० मा सेलिब्रेसन हाईट, सुकेधारा चोक, काठमाण्डौमा सम्पन्न भएको थियो । कार्यक्रम सञ्चालकले सञ्चालक समितिका अध्यक्ष, सदस्यहरू, आमन्त्रित वर्ग तथा कम्पनीका पदाधिकारीहरूलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै उपस्थित सबैलाई आठौं वार्षिक साधारणसभामा हार्दिक स्वागत गर्नु भएको थियो । साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री टेकराज निरौलाज्यूले गर्नु भई अध्यक्षज्यूको अनुमति पश्चात सभा सञ्चालन भएको थियो । साधारण सभामा अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट आ.व. २०७५/०७६ को वार्षिक प्रतिवेदन तथा कम्पनीका महाप्रबन्धक श्री सकुन्द ओझाज्यूले यस कम्पनीद्वारा निर्माण गरी सञ्चालनमा रहेका ईलाम जिल्ला स्थित माई (२२.० मे.वा.) तथा माई क्यास्केड (७.० मे.वा.) जलविद्युत आयोजना साथै यस कम्पनीद्वारा शेयर पूँजी लगानी गरिएको विभिन्न कम्पनीका जलविद्युत आयोजनाहरूको निर्माण प्रगतिको जानकारीका सम्बन्धमा पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्वारा प्रस्तुतीकरण गर्नु भएको थियो र सो पश्चात् साधारण सभामा छलफलका लागि निर्धारित विषयहरू उपर छलफल गरी निर्णय भएको थियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषय सूची अनुसारका विषयहरूमा छलफल तथा निर्णय गरी दिनको १:३० बजे सभा समापन भएको थियो ।

**(क) <u>सभाको सूचना तथा प्रकाशन</u> :**

यस कम्पनीको सञ्चालक समितिको मिति २०७६ साल मंसिर २५ गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस आठौं वार्षिक साधारणसभाको जानकारीका लागि २०७६ साल मंसिर २७ गतेको अभियान राष्ट्रिय आर्थिक दैनिक पत्रिकामा कम्पनीको संक्षिप्त आर्थिक विवरण सहित प्रथम पटक, २०७६ साल पौष ४ गतेको राष्ट्रिय दैनिक अन्नपूर्ण पोष्टमा दोस्रो पटक र त्यसै गरी २०७६ साल मंसिर २७ गते इलाम जिल्लाबाट प्रकाशित हुने इलाम पोष्ट राष्ट्रिय दैनिक पत्रिका र उज्यालो एफ. एम. रेडियोमा विभिन्न पटक सूचना प्रकाशित गरीनुका साथै उल्लिखित सूचना तथा जानकारिका साथै कम्पनीको आ.व. २०७५/७६ को वार्षिक विवरण यस कम्पनीको वेवसाईट www.maihydro.com मा पनि राखिएको थियो ।

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

**(ख) <u>उपस्थिति :</u>**

**(अ) सञ्चालकहरूको उपस्थिति :**

| | |
|---|---|
| श्री टेकराज निरौला | सञ्चालक/अध्यक्ष |
| श्री शाम्बा लामा | सञ्चालक-सदस्य |
| श्री खेमराज लामिछाने | सञ्चालक-सदस्य |
| श्री घनश्याम थापा | सञ्चालक-सदस्य |
| श्री महेश घिमिरे | सञ्चालक-सदस्य |
| श्री भरतकुमार पोखरेल | सञ्चालक-सदस्य |
| श्री आषिश श्रेष्ठ | सञ्चालक-सदस्य |

**(आ) पदाधिकारीहरूको उपस्थिति :**

| | |
|---|---|
| श्री सकुन्द ओझा | महाप्रबन्धक |
| श्री क्रान्त श्रेष्ठ | कम्पनी सचिव |

**(इ) विभिन्न निकायका पदाधिकारी/ प्रतिनिधिको उपस्थिति :**

| | |
|---|---|
| श्री सुनिर कुमार ढुंगेल | प्रतिनिधि, एसएआर एसोसियट्स, चार्टर्ड एकाउन्टेनट **(लेखापरीक्षक)** |

**(ई) शेयरधनीहरूको उपस्थिति :**

| | |
|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीहरूको संख्या (संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत) | - ४४६ जना |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या | - १६१ जना |
| ३. जम्मा उपस्थिति संख्या | - ६०७ जना |

**(ग) <u>आठौं वार्षिक साधारसभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू</u> :**

साधारण सभामा निम्न विषयहरू छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो :

**<u>(क) साधारण प्रस्तावहरू</u>**

१. आठौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारीत गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्त सम्मको वासलात, आ. व. २०७५/७६ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसंग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम आ. व. २०७६/०७७ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारीश्रमीक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक संस्था SAR Associates, Chartered Accountants पुनः नियुक्तीका लागि योग्य रहेको ।)

(ख) विशेष प्रस्तावहरू

१. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीका शेयरधनीहरूलाई आ.व. २०७५/०७६ सम्मको वितरण योग्य संचित मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर र ०.५२६३ प्रतिशत नगद लाभांश (बोनस शेयर बापतको कर प्रयोजनका लागि मात्र) वितरण गर्ने ।

२. बोनस शेयर निष्काशन प्रयोजनका लागि कम्पनीको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने तथा प्रबन्धपत्र र नियमावलीमा संशोधन/ थप गर्ने ।

३. कम्पनीको पूँजी वृद्धि तथा संशोधन/थप गर्ने क्रममा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनमा नियमनकारी निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक समायोजन गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) विविध

(घ) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :

| विवरण | निष्काशित शेयर र शेयरधनी | स्वंम उपस्थित | प्रतिनिधिबाट उपस्थिति | जम्मा उपस्थिति | उपस्थिति को प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता संख्या | २,३२,१०,००० | ७६,६१,८३६ | ४६,५९,२६४ | १,२३,२१,१०० | ५३.१% |
| शेयरधनी संख्या | ३९,१५४ | ४४६ | १६१ | ६०७ | १६% |

२. सभाको वैधानिकता :

(अ) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना शेयधनीहरू स्वंयम वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको आठौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वंयम तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या ६०७ भएको र कुल बाँडफाँड भएको ५३.१ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले कम्पनीको नियमावली तथा प्रचलित कानून बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा जानकारी गराउनु भयो ।

(आ) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने सम्बन्धमा कम्पनी सचिवले जानकारी गराउँदै सञ्चालक समितिका अध्यक्ष श्री टेकराज निरौलाज्यूको अध्यक्षतामा कम्पनीको आठौं वार्षिक साधारण सभा शुरू गर्न कम्पनी अनुमति दिनु भए बमोजिम सभा सञ्चालन गरियो ।

३. सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल :

साधारण सभाको कार्यक्रम सञ्चालन गर्न अध्यक्षज्यूबाट अनुमति प्राप्त भए पछि सञ्चालक समितिका अध्यक्ष श्री टेकराज निरौलाज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन

SANIMA MAI HYDROPOWER LIMITED
sanima
SMH
KATHMANDU

सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत् पश्चात अध्यक्षज्यूले आफ्नो मन्तव्य व्यक्त गर्नु भई सञ्चालक समितिको तर्फबाट आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत गर्नु भयो । साथै कम्पनीका महाप्रबन्धकज्यूले यस कम्पनीद्वारा निर्माण गरी सञ्चालनमा रहेका ईलाम जिल्ला स्थित माई जलविद्युत आयोजना (२२.० मे.वा.) तथा माई क्यास्केड जलविद्युत आयोजना (७.० मे.वा.) का साथै यस कम्पनीद्वारा शेयर पूँजी लगानी गरिएको विभिन्न कम्पनीका जलविद्युत आयोजनाहरूको निर्माण प्रगतिको जानकारीका सम्बन्धमा पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्वारा प्रस्तुतीकरण गर्नु भएको थियो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराईएको लेखापरिक्षण प्रतिवेदन सहितको २०७६ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७५/०७६ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरूलाई अनुरोध गरिएको थियो । कम्पनीका निम्न शेयरधनीहरूले मन्तव्यका क्रममा व्यक्त गर्नु भएको आ-आफ्नो राय, सुझाव तथा प्रतिक्रियाहरूको मुख्य अंश र जिज्ञासाहरू निम्न अनुसार रहेको छ ।

**(अ) श्री अमृत नाथ रेग्मी**

रन अफ रिभरमा आधारीत आयोजनाहरू भन्दा स्टोरेज प्रविधिमा आधारीत आयोजनाहरूले बढी लाभ दिने हुँदा त्यस्ता आयोजान निर्माणमा पनि ध्यान दिउँ । हाल जलविद्युत आयोजनाहरूमा लगानीगर्न विभिन्न अर्न्तराष्ट्रिय वित्तिय संस्थाहरू समेत तत्पर भएको देखिदा त्यस्ता संस्थाहरूलाई पूँजी लगानीमा सहभागित गराउने तर्फ पहल गरौं । यस कम्पनीले शेयर पूँजीमा लगानी गरेका अन्य कम्पनीहरूद्वारा प्रर्वद्धित आयोजनाहरूको प्रति मे.वा. लागत र पे-ब्याक पिरियड कति हो सो कुरा यस कम्पनीको प्रतिवेदनमा उल्लेख गरिएको भए राम्रो हुने थियो । आयोजनाहरू निर्धारित समयावधि पश्चात सरकारमा हस्तान्तरण हुने हुँदा सो पश्चात पनि सरकार संग सम्झौता गरी यसै कम्पनीले सञ्चालन गर्न पहल गर्नु होला ।

**(आ) श्री दामोदर प्रसाद रेग्मी**

यस वर्ष कम्पनीले १० प्रतिशत लाभांश घोषाण गर्नु सकारात्मक रहेको र आगामी वर्षहरूमा २० प्रतिशत वा सो भन्द बढीको लक्ष राखौं । नगद लाभांशको सट्टा बोनस शेयर जारी गरी पूँजी वृद्धि गर्नु राम्रो हुन्छ । लाभांश बापतको कर रकम भुक्तानीको व्यवस्था कम्पनीबाटनै हुँदा शेयरधनीहरूलाई सहज हुन्छ । विभिन्न आयोजनहरूमा लगानी विस्तार हुँदा यसले सकारात्मक प्रभाव पार्दछ तथापि, वित्तिय संकटको समाधानका लागि कम्पनीको वित्तिय व्यवस्थापन राम्रो हुनु पर्दछ ।

**(इ) श्री डमरू वल्लभ घिमिरे**

कम्पनीको साधारण सभा पौषका अन्तिम हप्ता यस्तो चिसोमा गर्नु भन्दा अलिअघि भए राम्रो हुने थियो । आगामी वर्ष देखि दशैं तिहार अघिनै सभा सम्पन्न गर्ने प्रयास गरौं । यस वर्ष प्रस्ताव गरिएको १० प्रतिशत लाभांश वितरणका साथै गत वर्षका सुझावहरूलाई कार्यान्वन गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु ।

SANIMA MAI HYDROPOWER LIMITED sanima SMH KATHMANDU

**(ई) श्री शिव प्रसाद पौडेल**

१० प्रतिशत बोनस शेयर प्राप्त हुने हुँदा खुसि छौं । शेयरधनीहरले लाभांश यथासिघ्र चाँडो प्राप्त गर्न सक्ने उचित व्यवस्था गरियोस । कम्पनीको लेखापरिक्षण भदौ महिना भित्रै सम्पन्न गर्ने सर्तमा लेखापरिक्षकको नियुक्ती गरी समयमानै साधारण सभा सम्पन्न गर्ने गरौ । न्यून लागतमा निर्माण भई उच्च प्रतिफल दिने आयोजना निर्माणमा लगानी विस्तार गरौ । शेयर बजार घट्दो अवस्थामा रहेको हुँदा यसलाई बढाउन (तताउन) लाभांश वितरण, जनचेतना जगाउने तर्फ आवाज उठाई हाईड्रो माथिको विश्वास र मनोबल बढाउनु जरूरी छ । राष्ट्रिय प्रसारण लाइन नबन्दा समस्या उत्पन्न हुने भएकोले यस तर्फ चनाखोभई सरकारलाई घचघच्याउन आवाज उठाऔं । कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्वका लागि स्थानिलाई नगदको सट्टा कम्पनी आफै उपस्थित भएर कार्य गर्नु होस ।

**(उ) श्री उमेस कुमार रेग्मी**

विद्युत विक्रीबाट प्राप्त आम्दानी गत आर्थिक वर्ष भन्दा बढी भएता पनि लाभांश वितरण १५ प्रतिसत बाट, घटेर १० प्रतिशत भएको छ गत आर्थिक वर्ष अनुरूपनै भएमा कन्सिसटेन्सी हुने थियो । वित्तिय प्रतिवेदनमा विभिन्न स्थानमा टाईपिङ मिस्टेक रहेको हुँदा त्यस तर्फ ध्यान जाओस । प्रतिवेदनमा यस कम्पनीले लगानी गरेका अन्य आयोजना प्रवर्द्धक कम्पनीहरूको आम्दानीको प्रोजेक्सन तथा सरकारले निर्माण गर्ने प्रसारण लाईनको प्रगति उल्लेख भएको भए राम्रो हुने थियो । प्रसारण लाईन निर्माणका लागि सरकारलाई समयमानै झकझकाउनु पर्दछ ।

**(ऊ) श्री इन्द्र कृष्ण श्रेष्ठ**

लाभांश दिने कार्यलाई यस वर्ष पनि निरन्तरता दिनु भएकोमा धन्यवाद छ, आगामी वर्ष अझ थप लाभांश दिने प्रयास गर्न अनुरोध गर्दछु । इमान्दार तथा सक्षम कर्मचारी र व्यवस्थापकले कम्पनीलाई राम्रो संग सञ्चालन गर्नु भएको छ तसर्थ कम्पनी राम्रो अवस्थामा छ अझ राम्रो होस भन्ने शुभकामना दिन चाहन्छु । गत वर्षको वितरण गर्न बाँकी रहेको लाभांश सम्बन्धित शेयरधनीहरूले पाउने उचित व्यवस्था गरियोस ।

**(ए) श्री राम गोपाल मर्हजन**

१० प्रतिशत बोनस शेयरका लागि सञ्चालक समिति तथा साधारणसभालाई धन्यवाद छ । चालु आ.व. २०७६/७७ को पहिलो त्रैमासमा विद्युत विक्रीको आम्दानी राम्रो रहेको हुँदा आगमी वर्ष उचित प्रतिफल प्राप्त हुने अपेक्षा गर्दछौ । सानिमा हाईड्रोपावर लि. लाई गाभ्ने कार्य राम्रो भएतापनि यसलाई किन स्थिगित गरियो, क्यापासिटि रोयल्टि कहिले सम्म तिर्नु पर्ने हो प्रष्ट पारिदिनु होला । कम्पनी व्यवस्थित र सक्षम रूपमा सञ्चालन गर्न यसका कर्मचारीहरूलाई समय सापेक्ष तालिम तथा सुविधाहरू पनि दिनु पर्ने हुन्छ यस तर्फ ध्यान जाओस् ।

**(ए) श्री वैजुनाथ रौनियार**

गत वर्ष १५ प्रतिशत लाभांश दिएकोमा यस वर्ष १० प्रतिशत मात्र भएको छ, आगामी वर्ष २०-२५ प्रतिशतको अपेक्षा गरेका छौं । सानिमा हाईड्रोपावर लि. लाई गाभ्ने कार्य पूर्ण रूपले स्थगित भएको हो वा यो प्रक्रिया पुनः सुरु हुन्छ जानकारी पाउँ । कर्मचारीहरूलाई

SANIMA MAI HYDROPOWER LIMITED
sanima
SMH
KATHMANDU

२ प्रतिशत मात्र बोनसको व्यवस्था गरेको रहेछ कानूनी रूपमा मिल्ने भए कर्मचारीहरूको प्रोत्साहनका लागि सो भन्दा बढी बोनसको व्यवस्था गर्नु उपयुक्त हुन्छ । कम्पनीको पदाधिकारी तथा सञ्चालकमा महिला देखिएन महिलालाई पनि अगाडी बढाउँ ।

शेयरधनी महानुभावहरूबाट मन्तव्यका क्रममा राय, प्रतिकृया, सुझाव र जिज्ञासा राख्ने कार्य पूरा भएपछि शेयरधनीहरूको जिज्ञासाहरूका सम्बन्धमा अध्यक्षज्यूको आज्ञाले कम्पनीका महाप्रबन्धक श्री सकुद ओझाज्यूले सम्बन्धित विषयमा निम्न बमोजिम प्रष्ट पार्दै, जवाफ दिनु भयो ।

**श्री सकुन्द ओझा - महाप्रबन्धक**

आजको यस वार्षिक साधारण सभामा शेयरधनी महानुभावज्यूहरूले मन्तव्यको क्रममा राख्नु भएको अमुल्य सुझावहरूका लागि धन्यवाद दिंदै शेयरधनीहरूको जिज्ञासाका सम्बन्धमा कम्पनीका महाप्रबन्धकज्यूले निम्नानुसार प्रष्ट पार्नु भयो ।

- कम्पनीको वार्षिक साधारण सभा पौषको अन्तिम हप्ता अर्थात केहि ढिला भएकोमा क्षमा माग्दै आगमाी वर्षबाट अगाडीनै सम्पन्न गर्न प्रयास गरिन छ ।

- सानिमा हाईड्रो समुह अन्तर्गतको २८५ मे.वा.को माथिल्लो तमोर जलविद्युत आयोजना स्टोरेज प्रविधिमा आधारीत आयोजना हो जसको ४ घण्टा बराबरको संचय क्षमता रहेको छ । सो आयोजनामा लगानी गर्नका लागि अर्न्तराष्ट्रिय वित्तिय संस्थाहरू संग पनि छलफल भई रहेको छ ।

- सानिमा माई हाईड्रोपावर लि. ले शेयर पूँजीमा लगनी गरेको विभिन्न प्रवर्द्धक कम्पनीहरूको हाल निर्माणाधिन आयोजनाहरूको प्रति मे.वा. लागत करिब १५ देखि २० करोड रहेको छ । उक्त आयोजनाहरूको भौतिक निर्माण कार्य हाल तिब्र गतिमा अगाडी बढी रहेको छ । ती आयोजनाहरूबाट भविश्यमा हुने आम्दानीको प्रक्षेपण सम्बन्धी जनाकारीहरू, विद्युत प्रसारणका लागि जोडिने राष्ट्रिय प्रसारण लाईनको निर्माण प्रगतिहरूका सम्बन्धमा आगामी प्रतिवेदनहरूमा समावेश गरिने छ ।

- कम्पनीले प्रदान गर्ने लाभांश वृद्धिका लागि राम्रा आयोजनाहरूमा लगानी गर्ने र सञ्चालनमा रहेको आफ्ना आयोजनाहरूको आउटेज कम गर्नका लागि सक्दो प्रयास गरिने छ ।

- विद्युत विक्री बापतको अतिरिक्त मुल्य (पोष्टेड रेट) का लागि कम्पनीले व्यक्तिगत रूपमा र स्वतन्त्र उर्जा उत्पादक संघ मार्फत पनि आवश्यक पहल गरिरहेको छ । हाल उक्त रकम भुक्तानीका लागि सम्बन्धित सरकारी निकायबाट प्रक्रिया समेत अगाडी बढाएको छ ।

- सानिमा हाईड्रोपावरलाई यस कम्पनीमा गाभ्दा कम्पनी ठूलो हुने भएतापनि हाल शोयरको बजार मूल्य न्यून रहेको हुँदा मूल्याङ्कन कम हुने तथा कानूनी प्रक्रियागत अस्पष्टता समेत रहेका हुँदा गाभ्ने प्रक्रियालाई स्थिगित गरिएको छ । भविष्यमा परिस्थिति अनुकुल भएको खण्डमा यसमा पुनः विचार गरिने छ ।

- शेयरधनीहरूले बुझिलिन बाँकी रहेको गत वर्षको लाभांश सम्बन्धित शेयरधनीहरूलाई भुक्तानीका लागि कम्पनीको शेयर रजिष्ट्रार सानिमा क्यापिटल संग छलफल गरी यसको उचित प्रबन्ध गरिनेछ ।

SANIMA MAI HYDROPOWER LIMITED sanima SMH KATHMANDU

- विद्युत ऐनको प्रबधान बमोजिम कर्मचारी बोनस २ प्रतिशत मात्र रहेको हुँदा सोही अनुसारको बोनसको व्यवस्था गरिएको हो । कार्यरत कर्मचारीहरूको उच्च मनोबलका लागि कम्पनीले विभिन्न तालिमको व्यवस्था, बीमा सुविधा, कर्मचारी पुर्नताजगी जस्ता कार्यहरू गर्दै आएको छ ।
- कम्पनीको व्यवस्थापन तथा सञ्चालक समितिमा महिला सहभागिताका लागि कम्पनीले भविश्यमा व्यवस्थाहरू गर्दै जानेछ ।

४. **सभाको निर्णयहरू :**

निर्णयार्थ आठौं वार्षिक साधारण सभा समक्ष पेश भएका निम्न प्रस्तावहरूमा सभाले निम्न बमोजिम निर्णयहरू गर्‍यो :

**(क) साधारण प्रस्ताव उपर छलफल तथा निर्णयहरू**

१. **आठौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारीत गर्ने ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री टेकराज निरौलाज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७५/०७६ को वार्षिक प्रतिवेदनमा छलफल भई त्यसमा उठेका जिज्ञासाहरूका सम्बन्धमा स्पष्ट गरी सकिएकोले उक्त प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ साल आषाढ मसान्त सम्मको वासलात, आ. व. २०७५/७६ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसंग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।**

लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको २०७६ साल आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७५/०७६ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त आर्थिक विवरणहरू स्वीकृत गर्ने निर्णय गरियो ।

३. **लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम आ. व. २०७६/०७७ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारीश्रमिक निर्धारण गर्ने । (वर्तामान लेखापरीक्षक संस्था SAR Associates, Chartered Accountants पुनः नियुक्तीका लागि योग्य रहेको ।)**

कम्पनी ऐन, २०६३ मा भएको कानूनी व्यवस्था बमोजिम गठित कम्पनीको लेखापरीक्षण समितिले लेखापरीक्षकको नियुक्तीका सम्बन्धमा गरेको सिफारिसको जानकारी गराउँदै लेखापरीक्षण समितिको तर्फबाट कम्पनीको आ.व. २०७६/०७७ को हिसाब किताब लेखापरीक्षण गर्न लेखापरीक्षक संस्था SAR Associates, Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक रू. १,७५,०००/-(अक्षरेपी एक लाख पचहत्तर हजार मात्र) पारिश्रमिक निर्धारण गरी नियुक्त गर्न सिफारिस भएको कुरा सभामा जानकारी गराइयो । प्रस्तुत प्रस्तावमा सभाबाट कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम SAR Associates, Chartered Accountants लाई नियुक्त गर्ने सर्वसम्मत निर्णय गरियो ।

SANIMA MAI HYDROPOWER LIMITED
sanima
SMH
KATHMANDU

(ख) विशेष प्रस्ताव उपर छलफल तथा निर्णयहरू

१. **सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीका शेयरधनीहरूलाई आ.व. २०७५/०७६ सम्मको वितरण योग्य संचित मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर र ०.५२६३ प्रतिशत नगद लाभांश (बोनस शेयर बापतको कर प्रयोजनका लागि मात्र) वितरण गर्ने ।**

कम्पनीका शेयरधनीहरूलाई आ.व. २०७५/०७६ सम्मको वितरण योग्य संचित मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर र ०.५२६३ प्रतिशन नगद लाभांश (बोनस शेयर बापतको कर प्रयोजनका लागि मात्र) प्रदान गर्न सञ्चालक समितिबाट साधारण सभा समक्ष सिफारिस भई सोही अनुसार प्रस्ताव गरिएकोमा प्रस्ताव बमोजिम यस आठौं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरूलाई चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर र ०.५२६३ प्रतिशन नगद लाभांश (बोनस शेयर बापतको कर प्रयोजनका लागि मात्र) वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

२. **बोनस शेयर निष्काशन प्रयोजनका लागि कम्पनीको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने तथा प्रबन्धपत्र र नियमावलीमा संशोधन/ थप गर्ने ।**

बोनस शेयर वितरण गर्न यस साधारण समभामा प्रस्तुत प्रस्ताव स्वीकृत भई सकेको हुँदा बोनस शेयर वितरण पश्चात् कम्पनीको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम कम्पनीको प्रबन्धपत्रमा संशोधन गर्न प्रबन्धपत्रमा तपसिल अनुसार संशोधन/थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) मा संशोधन गर्ने ।

**६(ख) कम्पनीको जारी पूँजी रू. २,५५,३१,००,०००/- (अक्षरेपी दुई अर्ब पचपन्न करोड एकतीस लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १००/- दरका २,५५,३१,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।**

**६(ग) कम्पनीको चुक्ता पूँजी रू. २,५५,३१,००,०००/- (अक्षरेपी दुई अर्ब पचपन्न करोड एकतीस लाख मात्र) हुनेछ ।**

३. **कम्पनीको पूँजी वृद्धि तथा संशोधन/थप गर्ने क्रममा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनमा नियमनकारी निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक समायोजन गर्ने कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको संशोधन/थप अभिलेख गर्ने क्रममा नियमनकारी निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

SANIMA MAI HYDROPOWER LIMITED
Sanima
SMH
KATHMANDU

**(ग) विविध**

विविध विषय अर्न्तगत कुनै छलफल तथा निर्णय भएन ।

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

सभा-अध्यक्षज्यूले कम्पनीको वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू, आमन्त्रित व्यक्तिहरू, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । सभा-अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समितिप्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नु भयो र यस आठौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

| | | |
|---|---|---|
| ........................<br>क्रान्त श्रेष्ठ<br>कम्पनी सचिव | SANIMA MAI HYDROPOWER LIMITED<br>sanima<br>SMH<br>KATHMANDU | ........................<br>टेकराज निरौला<br>अध्यक्ष |